केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/७/०७५/७६

मितिः २०७५/१०/०६

**इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७५ को बुँदा नं. ६.१७ लाई देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

६.१७. सञ्चालक समितिका सदस्य र प्रमुख कार्यकारी अधिकृतहरुको नियुक्ति सम्बन्धमा देहायबमोजिमको नीतिगत व्यवस्था गरिएको छ :

१. कुनै एउटा इजाजतपत्रप्राप्त संस्थामा संचालक रहेको व्यक्ति प्रचलित व्यवस्थाको अधीनमा रही कार्यकाल थप भएको अवस्थामा वाहेक संचालक पदवाट जुनसुकै कारणवाट हटेमा कम्तीमा ६ महिनाको समय व्यतित नभई यस बैंकवाट इजाजतपत्रप्राप्त संस्थामा संचालक लगायत अन्य कुनै पनि हैसियतमा कार्य गर्न पाउने छैन ।

२. कुनै संचालक आफ्नो पदावधि समाप्त नहुँदै जुनसुकै कारणवाट हटेमा त्यस्तो व्यक्ति पुनः सोही कार्यकालभित्र सोही संस्थाको संचालक पदमा निर्वाचित वा मनोनित हुन पाउने छैन ।

३. यस बैंकवाट इजाजतपत्रप्राप्त संस्थामा कार्यरत प्रमुख कार्यकारी अधिकृत प्रचलित व्यवस्थाको अधीनमा रही पुनर्नियुक्ति पाएको अवस्थामा वाहेक जुनसुकै कारणले आफ्नो सेवाबाट निवृत्त भएपछि कम्तीमा ६ महिनाको अवधि व्यतित नभई कुनैपनि इजाजतपत्रप्राप्त संस्थामा प्रमुख कार्यकारी अधिकृत हुन पाउने छैन । साथै, प्रमुख कार्यकारी अधिकृत जुनसुकै कारणवाट हटेमा त्यस्तो व्यक्ति पुनः सोही कार्यकाल वा ६ महिनामध्ये जुन बढी हुन्छ सो अवधि व्यतित नभई सोही संस्थामा संचालक लगायत अन्य कुनै पनि हैसियतमा कार्य गर्न पाउने छैन ।

भवदीय

२०७५।१०।०६

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल लघुवित्त बैंकर्स संघ, नक्साल ।